मिति: २०८०/०५/०८ , बैठक संख्या - ०३

आज मिति २०८०/०५/०८ गते शुक्रबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८०/०८१ को तेश्रो गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ..........

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ..........

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ..........

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ..........

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ..........

६. वडा अध्यक्ष : श्री धनपति गिरी ..........

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ..........

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ..........

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ..........

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ..........

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ..........

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ..........

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई..........

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ..........

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा..........

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ..........

१७. आमन्त्रित कम्प्युटर अपरेटर श्री लक्ष्मी चुहान..........

१८. अमिन श्री सुनिल ठटाल..........

१९. कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी..........

मिति: २०८०/०५/०८ , बैठक संख्या - ०३

**<u>प्रस्तावहरु:-</u>**

१. आ.व. २०८०/०८१ को योजना सञ्चालन सम्बन्धमा ।

२. अमरपुर मा.वि. भवन सम्बन्धमा ।

३. विविध

क. भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरूको नामावली विवरण प्रमाणित गरी पठाउने सम्बन्धमा ।

ख. छुट भएका भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरूको लगत संकलन माग गर्ने सम्बन्धमा ।

दीपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८०/०५/०८ , बैठक संख्या - ०३

**निर्णय नं. - १**

आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक  बजेट तथा कार्यक्रम अनुसारको योजना/कार्यक्रम सञ्चालन गर्न आवश्यक प्रकृया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. - २**

हिलिहाङ गा.पा. वडा नं. १ स्थित वि.सं. २०१६ सालमा स्थापित श्री अमरपुर माध्यमिक विद्यालयलाई स्तरोन्नती गरी उच्च शिक्षा र उपलब्ध प्राविधिक शिक्षाको सञ्चालनार्थ शैक्षिक प्रशासनिक भवन तथा अन्य  पूर्वाधार निर्माणका लागि साथै सोहि आसपासमा साँस्कृतिक भवनको निर्माण गर्नका लागि नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग पालिकाको तर्फबाट अनुमानित लागत ५ करोडको २०% लागत साझेदारी गर्ने प्रतिबद्धता सहित सिफारिस गर्ने ।

**निर्णय नं. - ३**

**क.** भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरूको नामावली प्रमाणित गरी राष्ट्रिय भूमि आयोग जिल्ला समिति पाँचथरलाई पठाउने ।

**ख.** छुट भएको भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरूको लगत संकलनको लागि दोश्रो पटक सूचना आव्हानको लागि राष्ट्रिय भूमि आयोगलाई माग गर्ने ।

योगेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत